दार्जीलिङ दर्पण
सिलगढ़ी, सोमवार २१ दिसम्बर २००९

### गोर्खाल्याण्ड विषयक राजनीतिक वार्तामा

# मदन तामाङ र आरबी राईको प्रतिबद्धतालाई नकार्न सकिन्न

जयकुमार शर्मा



२१ दिसम्बर, छेउ आइपुग्यो। गोर्खाल्याण्डप्रेमी जनताको उत्सुकता पल–प्रतिपल बढ़ेर जाँदोछ। वार्ता कस्तो होला! परिणाम के होला? अबको वार्ताले गोर्खाल्याण्डको घड़ेरी खन्न सकिएला? कि वा वार्तामाथि वार्ता थपिएर जाला ! इत्यादि इत्यादि।

पछिल्ला वार्तालाई जनगणले उत्ति सन्तोषजनक ठहराएका छैनन्। कुरा साँचो हो। हुन त दुइ–चार वार्तामै सबै छलफल हुनसक्छ भन्नु पनि मुर्खता बनिन्छ। सरकार पक्षबाट राजनैतिक शतरंजको चाल चल्छ। हाम्रा वार्ताकारहरू आफ्ना दाउ जित्नमा कति सफल ठहरिन्छन्? गोर्खाहरूले आफ्नो जातीय पहचानको लागि आन्दोलन गरेको एक शताब्दी बितिसक्यो। भारतको संविधानले दिएको हाम्रो माग अझसम्म पूरा हुनसकेको छैन। जबकि भाषाको आधारमा अन्य प्रान्तहरू बनिसक्यो। ती राज्यहरू नागाल्याण्ड, मिजोरम, उत्तराखण्ड, हिमाचल प्रदेश, अरुणाचलप्रदेश, मणिपुर, मेघालय, जम्मू–काश्मीर पहाड़ी प्रदेशहरू हुन्। जसको भौगोलिक अवस्थाले जन्माएको आर्थिक विकास रीतिथीति आञ्चलिक परिवेश, मधेस खण्डको भन्दा बेग्लै हुन्छ। जातीय अस्तित्व अनि भाषा बेग्लाबेग्लै छन्। संस्कृति भिन्नै छ, यी सबै भएका कारण तलकाहरूसित दाँजिएर प्रगति गर्नु सम्भव छैन। यस्तै आधारहरूबाट आ–आफ्ना प्रान्तहरू सृजना भए। तर भारतवासी गोर्खाहरू समुदायले आफ्नो जातीय पहिचानको निम्ति अझसम्म आफ्नो प्रान्त पाउन सकेका छैन। बलिदान दिनका लागिमात्र छन्, यिनीहरू।

प्रान्तीय परिषदपछि गोर्खाल्याण्ड नामकरणबाट सुवास घिसिङको नेतृत्वमा बंगालबाट छुट्टिने प्रयास भयो। त्यसबेला आफ्नो संवैधानिक हक पाउने ठूलो मौका थियो तर गलत नेतृत्वले गर्दा सफल हुन सकेन। एउटा असल मौका गुमाउनुपऱ्यो। ठूलो जनधनको खति भएर गोर्खाल्याण्ड आन्दोलनको परिणति बञ्चरो बेची सियोको व्यापार नै सिद्ध भयो। हाम्रो आन्दोलनलाई नेतृत्व प्रदान गर्ने नेतालगायत वार्ताकारहरू– 'हामीलाई बुद्धिजीवी चाहिंदैन' भन्ने सिद्धान्तमा अड़िएका थिए। घिसिङले गरेको आन्दोलनलाई थन्को लाउन सरकारले धेर अभ्यास गर्नुपरेन। हामी राजनीतिक पछराइमा लगभग पच्चिस वर्ष चित्त परेर बस्यौं। त्यस बेला प्रतिनिधिहरूमा विवेकको अकाल थिएछ भने पैंचो मागेर काम चलाउन पनि चहाँदैनथिए। तर अबको परिस्थिति उस्तो छैन। विमल गुरुङसित अपार जनशक्तिलगायत बुद्धिजीवीहरूको एउटा लामो ताँती रहेको छ। सकेसम्म लोकतान्त्रिक मूल्यको टनिक नेताहरूले पिएका छन् भन्न मन पर्छ। विभिन्न उपयोगी लेखहरूद्वारा सचेत भएका छन् अब हाम्राहरू।

तर पनि डाक्टरले इञ्जीनियरको काम भलिभाँती गर्न सक्दैन भनेझैं गोर्खाल्याण्ड हासिल गर्ने मुद्दामा अग्रज नेता मदन तामाङ र आरबी राई जस्तालाई डोकोले छोपेर आफूहरू हवाई सफर गर्नु कहाँसम्म समयसापेक्ष ठहरिएला ! यो मनको किचलो त छँदैछ। पहाड़का सचेत जनताले हाम्रा प्रिय नेताहरू आ–आफ्नो अहं त्यागी एक पंक्तिमा उभिएर वार्ता टोली बनुन् भन्ने सोचेका छैनन्। तर मुद्दाभन्दा ठूलो पगरी कसले बाँध्ला भन्ने भय बेसी छ।

हिजोको परिस्थितिको एउटा सानो कुरा झिकौं– गोर्खाहरूको आन्दोलन टुंग्याउन सरकारले खुफिया विभाग 'RAW' को सहायता लिएको थियो रे भन्ने पनि सुनिएको थियो। मदनलाल सरावुगी नामका कोही सरकारी एजेन्टलाई पहाड़मा पठाइएको थियो यहाँको आन्दोलनरत नेताहरूका नाड़ी छाम्न। यहाँको स्थिति अर्कै पाराको थियो। सुवास घिसिङ आफ्नै पाराका इतिहासकार थिए। तिनको मनभित्र उस्तै पाराको कार्ययोजना थियो। यहाँ आन्दोलन (?) आधि बितिसक्दा पनि धेरैलाई यो थाहा थिएन कि हामी आफ्नो अलग्गै प्रान्त पाउनका लागि लड़दै छौं कि अलग देश बनाउनको निम्ति? नेतृत्व गर्नेहरू कुन जोखाना खुट्याइमा अघि बड़दै थिए? त्यो तिनीहरूलाई पनि थाहा थिएन। आफ्नो मुर्खताको यस्तो उदाहरण कहाँ पाइएला? खँदुवा, पटेका, फेस्टुन, तोरण, चालिसदिने स्ट्राइक, अन्त्यमा कन्दनीबिनाको धोतीजस्तो काउन्सिल। गोर्खाल्याण्ड आन्दोलन काउन्सिलमा स्वाहा। र पनि मित्रहरू काउन्सिल नामका अफिम खाएर मस्त भएर नै बसे भन्नुपऱ्यो।



विमल गुरुङलाई धन्य मान्नुपर्छ। तिनले सुवास घिसिङ अनि उनका पार्टीसित धेरै दिन दही–चिउरे भएर बस्न रुचाएनन्। घिसिङसित विद्रोह गरेर नयाँ नेतृत्व दिने आँट गरे। गोर्खा जनमुक्ति मोर्चाको गठन भयो। छितेन शेर्पाले पनि घिसिङबाट अलग्गिन आँट त गरेकै हुन् तर टिक्न सकेनन्। सीके प्रधानले पनि घिसिङबाट विद्रोह गर्ने प्रयास गरेको थियो तर उनको हत्याबाट कुरा टुंगियो। अर्थात गोर्खा राष्ट्रीय मुक्ति मोर्चा तीनपल्ट टुक्रियो।आज फेरि विमल गुरुङको नेतृत्वमा थालिएको गोर्खाल्याण्डको आन्दोलन लगभग ठीक मार्गमा अघि बड़िरहेको छ भन्नमा कुनै ठूलो आपत्ति छैन।

जसले काम गर्छ, त्यहाँ कतिपय कुरा सच्चाउनुपर्ने पनि देखापर्छ। गोर्खाल्याण्ड आन्दोलन जनाान्दोलन हो। पश्चिम बंगाल सरकारले यसलाई कुनै न कुनै प्रयासबाट दबाउन चाहेको छ। केन्द्र र बंगाल सरकारले कुटनीति चालेर यसलाई परास्त पार्न चाहान्छन् अनि यो काम अब शुरु भइसकेको छ। रिटायर्ड लेफ्टिनेन्ट विजय मदनलाई दार्जीलिङ पठाए। उनी गोर्खा फौजसित सम्बद्ध अधिकारी थिए। सरकारी पक्षले गोर्खाहरूको मनोभाव विचारेर मनोवैज्ञानिक प्रभावबाट सरकारी अड़ान सफल पार्न चाहेका छन्। सरकारको अड़ान आन्तरिक व्यवस्थामा छ न कि गोर्खाल्याण्ड स्टेटमा। यहाँ आन्दोलनरत जनताको संगठनको एउटा एकाई अवकाशप्राप्त सैनिकहरूको छ। समयमा यिनीहरूले एउटा निर्णायक भूमिका खेल्न सक्छन्। किनभने गोर्खा जातिको हरेक परिवारमा सैनिक रहनु अनिवार्य छ। आन्दोलनकारी यिनीहरूबाट प्रभावित छन्।बीएल मिनामार्फत विकासको धन यहाँ आइरहेको छ विकासको प्रलोभन देखाएर पहाड़ी जनतालाई लटचाउन। आन्दोलनमा सहयोग पुऱ्याउने नेताहरूलाई तोड़्न केही मात्रामा सरकार सफल पनि बनेको छ जस्तो लाग्छ। विकासको पैसा बाँड़फाँड़मा निक्कै नेताहरू सक्रीय छन् भन्ने सुनिन्छ। काम गर्नलाई अनेक विभागहरू छन्– आ–आफ्नै इकाईहरू छन्। जिम्मेवारी, उत्तरदायित्व लिने सरकारी अधिकारी अनि दस्तुरहरू छन् इत्यादि। जतासुकै नेताहरूबाट एनओसीको केको तगारो। भ्रष्टाचारी जहींतहीं छन्। आन्दोलनकारी सबै नेता चोखो हुनुपर्छ। अस्थायी कर्मचारीलाई पनि सरकारी रणनीतिको गोटी या चाल बनाउन चाहेका छन्। आदिवासीहरूलाई तोड़्न खोजे, आमरा बंगाली, बंगला भाषा बचाउ समिति (यति उन्नत अन्तराष्ट्रीय मञ्चमा पुगेको बंगला भाषालाई आजको दिनमा गोर्खाहरूबाट केको खतरा आइपुग्यो? अचम्भ छ) सरकार सामदाम, दण्डभेद् सबैथोक उपयोग गरी गोर्खाल्याण्ड मुद्दालाई अन्तरिम व्यवस्थामा निचोरेर राख्न चाहन्छ।

अब कुरोलाई सोझ्याउँ– आजको सन्दर्भमा मदन तामाङ र आरबी राई किन? हिजोआज मानिसहरू अखबार हात पार्नेबित्तिकै मदन तामाङले के भनेका छन्, त्यो पढ़्न तम्सिन्छन्। आज तिनले के भने पाठकहरूको मनमा ठूलो जिज्ञासा रहेको हुन्छ। मानौं मदनका कुराहरू तिनका मनभित्रका कुरा हुन्। उनको भाषण सुन्न एकाएक मानिसहरूको भीड़ जम्छ। यो मानिसका भीड़ उनको पार्टीले थुपारेको हुँदैन तर जनजिज्ञासाबाट भीड़ भएको देखिन्छ। हुन त जनताको भीड़बाट मात्रै नेताहरूले नेतापनको सठीक मूल्यांकन गर्नु सँधैभरि उचित ठहरिँदैन। यहाँ घिसिङको उदाहरण सानो होइन।



मदन तामाङ प्रान्त परिषद्देखि नै 'गोर्खा प्रान्त हुनैपर्छ' भन्ने कुरोमा अड़िएको थाहा पाएका छौं। सुवास घिसिङका सबै सिद्धान्तहरू तिनले नकारे। 'गोरामुमो राजनैतिक दल होइन। यो गैंग हो।' उनले भनेका थिए। लोकतान्त्रिक मूल्यमा बोल्ने नेता मदन तामाङ, घिसिङ अनि उनका पालाका दही–चिउरेहरूको लागि तिनी आँखाको कसिंगर मात्र नभएर शरीरको बैठकी ठाउँको पीलो थियो। अरूहरूले घिसिङनीतिको विरोध आफ्नो सुविधाअनुसार गरे। तर मदन जहिल्यै पनि अडिक देखियो। शाहससित सामना गरे। सँधैभरि लोकतान्त्रिक मूल्यको सचेत जनावाज भएर मदन तामाङ उभिएका छन् भन्नुमा के गाह्रो र! सरकारी राजनैतिक चालबाज बुझ्ने तिनी खप्पिस नेता हुन्। तिनको चालिसवर्षे राजनीतिक जीवनमा तिनी एमपी, एमएलए अथवा काउन्सिलर हुने प्रयासमा प्रत्यासी भएको थाहा पाइएन। जनता र राजनैतिक दलहरूलाई सतर्क गराउने बिँड़ा उनले नै थामिरहेको पाउँछौ। नेपाली भाषा मान्यताको अन्तिम चरणमा घिसिङआतंकलाई बार लाउने पनि तिनी नै देखियो। उसैले गर्दा सिक्किमेको अघाड़ि दार्जीलिङको नाक रह्यो। यी सबै हामीले देखेका अनि बुझेर अनुभव गरेका हौं। मरणासन्न राजनैतिक दाज्यू गोर्खा लीगलाई पुन: अक्सिजन भरेर नयाँ जोश र होश दिएका छन्। आफ्नो लोकतान्त्रिक विवेकहीनताको परिचय दिँदै उनका विरोधीले घर–जलाएर खरानी बनायो। साथै गाड़ीहरू तोड़फोड़ गरी आफ्नो चित्त शान्त पारेको देखियो। पढ़ियो। फेरि पनि केही परवाह नमानी तामाङ आह्वान गर्छन्– 'आऊ, मिलेर काम गरौं। राजनीतिमा असम्भव केही छैन' भनेर। आफ्नो व्यापक सोचको परिचय दिन्छन्। 'कलेक्टिभ लिडरसीप'बाट मात्र गोर्खाल्याण्ड सम्बन्धी वार्ता ठीक चल्नसक्छ भन्ने कुरोमा तिनको ठोकुवा छ। 'होमवर्क अब तथ्यपूर्ण र दह्निलो सठीक हुनुपर्छ, अन्धाधुन्ध जनतालाई पीड़ा दिनु उचित हुँदैन।' तिनी मान्छन्– 'प्रमाणबिना म बोल्दिनँ। सत्य बखान्नुमा मेरो मुख कसैले थुन्न सक्दैन।'

विवेकको प्रयोग गरी आक्रमक तरिकाले आफ्नो पक्ष राख्नसक्ने अनुभवी नेता मदन तामाङ अहिलेको खाँचो व्यक्तित्व हुन् भन्नमा अत्युक्ति नहोला। मदन तामाङमाथि सरकारपक्षले कान ठाड़ो पारेर बसेको हुन्छ। यो कुरा हामीले बुझेका छौं। धुमपान, मदपान, जुवाखोर अनि स्त्री लम्पटलाई मन नपाराउने मानिस मदनलाई संगतले पचाउन नसके पनि आजको गोर्खाल्याण्ड विषयक राजनैतिक निर्णायक घड़ीमा उनलाई अनेक तरहका आक्षेप लाउनुभन्दा साथ अंगालेर वार्ता तयारीमा जुट्नु गोर्खा हितको लागि बुद्धिमानी नहोला र?

आरबी राईलाई नकार्नु आत्महत्या गर्नु हो। तिनले दिएको देनको तिरो छैन। गोर्खाल्याण्ड मुद्दा र पहाड़सित गरेको पक्षपात विषय कुरोलाई लिएर तिनले आफ्नो पार्टी सीपीएमसित विद्रोह गर्ने आँट गरी अलग पार्टी सीपीआरएम खोले। जुन पार्टीले तिनलाई राज्यसभाको सांसद बनायो तर जातीय अस्तित्वको लागि पार्टीगत मोह र सांसद पद त्यागेर गोर्खा र पहाड़ी पछौटे जनगणका लागि दिनरात एक गर्दैछन्।

आरबी राई अति सरल, नम्र स्वभाव, लामो राजनैतिक अनुभवी, बुद्धिमान नेतालाई यदि वार्तामा तिनको महत्त्व राखिएन भने हाम्रो दुर्भाग्य हुनेछ। उनको समावेशमा धेरै ठोस उपलब्धि पाउनसक्ने थियौं। आजको लड़ाई सरकारपक्षबाट गोर्खाल्याण्ड पाउने प्रयासको लड़ाई हो न कि भोट जितेर कुर्सी ओगट्ने। जब सबै पार्टीको मुद्दा एउटै गोर्खाल्याण्ड भए विछिन्नता किन? आरबी राई अनि उनको दलले कलकत्ता र दिल्ली पुगेर विभिन्न कार्यक्रम राखेको छ। उनको सक्रियताले आन्दोलनलाई ठूलो टेवा पुऱ्याएको छ। यो कुरो कसैले भुल्नसक्ने छैनन्। पार्लियामेन्ट सम्बन्धी गुठी कुराहरूको ज्ञान तिनलाई छ। आरबी राई एक रातमा बनेका लिडर होइनन्। ग्रास रूटदेखि पलाएर झोपड़ीदेखि संसद भवनसम्म पुग्न क्षमतावान पहाड़को व्यक्तित्व हुन् भन्नमा हामीलाई गर्व लाग्छ। मदन तामाङझैं तिनी पनि 'कलेक्टिभ लिडरसीपमा' विश्वास गर्छन् र यसै माध्यमबाट समाधान चाहन्छन्। गोर्खाल्याण्डको मुद्दामा आर मोक्तान भारतीय गोर्खा परिषद, प्रणय राई, गौलन लेप्चा अन्य धेरैको जुटाइलाई पनि पन्साउन हुन्न। जनता कोसित छन् ? भीड़ कसको ठूलो? त्यसको आफ्नै महत्त्व होला। वार्ताको टेबलमा वार्ताकारहरूले कस्तो भूमिका खेल्न सक्छन्, हामीले कतिको तयारी गरेका छौं, हामीले बोलेका वाक्यहरू कतिको दह्निलो र गाड़िलो हुनजाला यी कुराहरूले नै २०१० सम्मको अठोटलाई सघाउ पुऱ्याएको हुन्छ। गोर्खा जनगणले शुभकामना दिएका छन्। सुवास घिसिङले झैं डुवर्स र सिलगढ़ीलाई छुट्याउने रणमा नपरून्। अब त आदिवासी जनताबाट पनि साथ पाएका छौं। तिनीहरूले धोका नखाउन्। यो रणनीतिको परीक्षाको बेला हो। सरकारी दबाउ त छँदैछ। यसलाई सामना गरी जीत हासिल गर्नुपर्ने नै छ। अन्तरिम व्यवस्था जनताबाट स्वीकार्य छैन। यसैको आधारमा वार्तालाई सफल बनाउँ। हाम्रो आदर्श अनि उद्देश्य मात्र गोर्खाल्याण्ड हो, योभन्दा सानो केही होइन। एउटा कविको चार पंक्तिको उल्लेख गर्न चाहान्छु–

"The woods lovely dark and deep
but I have promise to keep
and miles to go before I sleep
and miles to go before I sleep"

–जोरबङला

---



आइय्यौं...नि !

मागको बैरागी कान्छा

लाग्नुपर्छ तीर निशाना ताकेकैमा
निशाना चुके तीरको महत्त्व नै रहँदैन
बारम्बार चुकिरह्यो भने निशाना
निशानेबाजको स्वत्व नै रहँदैन
खेलाड़ीहरू धेरै किन्ने र बिचिनेहरू
बेचिएपछि त आफ्नोत्व नै रहँदैन
हारदै जानु हो भने त यहाँ
खेलाड़ी बन्ने कारक तत्त्व नै रहँदैन

आइय्यौं...

---

# गोर्खाल्याण्ड किन?

सुमन तामाङ



केही नेता र विद्वान्हरूका मनमा भारतीय गोर्खाहरूले भारतीय संविधानअनुसार किन गोर्खाल्याण्ड मागिरहेछन् भन्ने प्रश्न उठिरहेछ। यसको उत्तर निम्नलिखित ऐतिहासिक दस्तावेजहरूद्वारा दिन सकिन्छ–

वर्त्तमान दार्जीलिङ र डुवर्समा बस्ने नेपालीभाषी भारतीय गोर्खाहरू बंगालका अन्य बहुसंख्यक जातिहरूभन्दा ऐतिहासिक, सांस्कृतिक, सामाजिक, भाषिक र नैतिकरूपमा भिन्नै छन्। भारतीय गोर्खाहरूको (दार्जीलिङ र डुवर्स) भाषाको आधारमा अलग राज्यको माग गर्ने जुन जनावाज छ त्यो माग पहिले पनि उठेको पाइन्छ। भाषाको आधारमा नै राज्य पुनर्गठन आयोग (एसआरसी)–एक्टद्वारा १ नोभेम्बर १९५६–मा आन्ध्रप्रदेशलाई अलग राज्यको रूपमा भारतीय संविधानले मान्यता दिएको थियो। यसरी नै सम्पूर्ण भारतीय गोर्खाहरूको अलग राज्य 'गोर्खाल्याण्ड'–को माग १९०७ सालदेखि नै चलिरहेको भएता पनि भारत स्वतन्त्र भएपश्चात गोर्खाहरूको भविष्यको हत्या गरिदिएको पाइन्छ। जब ३० अप्रेल १९५४ सालमा भूलवश आँखा चिम्लिएर यो सम्पूर्ण भूभाग बंगालमा गाभिदियो। भारत सरकारको यो सबैभन्दा ठूलो भूलको कारणले गर्दा आजसम्म सम्पूर्ण भारतभरि नै गोर्खा समुदाय राजनैतिक शोषणको शिकार बनेको छ। २६ जनवरी १९३० सालमा कांग्रेस पार्टीले भारत स्वतन्त्र भएपछि सम्पूर्ण भारतीयहरूलाई आफ्नो हक र अधिकारको न्याय र सुरक्षा दिने प्रस्ताव पारित गरेको थियो। स्वतन्त्रता प्राप्तिमा भारतीय गोर्खाहरूको ठूलो ऐतिहासिक योगदान भएता पनि आजसम्म उचित न्याय पाउन सकेको छैन किन?

अन्य राज्यका केही नेता र विद्वान्हरूको सोचाइमा गोर्खाहरू १९५० सालमा भारत र नेपालबीच भएको सुगौली सन्धिअनुसार (Reciprocal Basis) भारतमा आएर बसोवास गर्न थालेका हुन्। यो सत्य हो कि भारत र नेपालमाझ सुगौली सन्धि (Reciprocal Basis)-मा भएको हो तर छुट्टै राज्य गोर्खाल्याण्डको जुन एउटा ऐतिहासिक माग छ यो माग १९५०–को (Reciprocal Basis)-को आधारमा कदापि मागिएको होइन। किनभने यदि हामीले भारतको इतिहासलगायत यो सम्पूर्ण भूभागको इतिहास पल्टाएर हेऱ्यौं भने थुप्रैथुप्रै सत्य दस्तावेजहरू पाउँछौं, जसमा भारतको स्वतन्त्रता संग्राममा भारतीय गोर्खाहरूले दिएको योगदान र यस दार्जीलिङ, डुवर्स भूभाग र त्यहाँ बसोवास गर्ने जातिको इतिहास पाइन्छ। यी सम्पूर्ण ऐतिहासिक दस्तावेजले यो ठोकुवा गर्नसक्छ कि– अन्य जातिसरह गोर्खाहरू पनि भारत स्वतन्त्रतापूर्व नै यहाँ बसोवास गर्थे। यी सम्पूर्ण कुराहरूलाई विस्तृतरूपमा दिन नसकेता पनि यदि कसैले भारतीय गोर्खाहरूलाई 'विदेशी' भनी लाञ्छना लगाउँछ भने उनीहरूले सम्बन्धित विभागमा गएर जानकारी लिनसक्छन्, जसलाई तल उल्लेख गरिएको छ– वर्त्तमान दार्जीलिङ र डुवर्स क्षेत्रका ऐतिहासिक दस्तावेज, जसमा नेपाली (गोर्खा) लेप्चा र भूटिया समुदायको बाहुल्य रहेको प्रमाण पाइन्छ। ती ऐतिहासिक प्रमाणित दस्तावेजहरू यस प्रकार छन्–

क) २ दिसम्बर १८१५ सालमा ब्रिटिश सरकार र नेपालका महाराजा विक्रम शाहमाझ भएको पहिलो 'सुगौली सन्धि' हेऱ्यौं भने पूर्व मेचीलगायत नगरी र टिस्टाका केही भूभागहरू नेपालबाट ब्रिटिश सरकारले जफ्त गरेको पाइन्छ।

Deed of Darjeeling grant (1st Feb. 1835)

ख) यसमा ब्रिटिश–भारत सरकार र सिक्किमका राजामाझ राम्रो सम्बन्ध भएको कारणले गर्दा ब्रिटिश सरकारले सिक्किमका केही भूभागहरू जस्तै दक्षिण रंगीत, पूर्वी वालासन, खयाल, पश्चिम रंगनु र महानदी लिने इच्छा गरे। किनभने यी पहाड़ी क्षेत्रको जलवायु राम्रो थियो। जसको निम्ति ब्रिटिश सरकारले सिक्किमका राजालाई तीन हजार र पछि ६ हजार रुपियाँ क्षतिपूर्ति दिएको पाउँछौं।

ग) सिन्चुला सन्धि (Treaty of Sinchula) -यो सन्धि इष्ट इण्डिया कम्पनीका गवर्नर जेनरल जोन लरेन्स र भूटानका राजाका (Deb Rajahs)–का प्रतिनिधिहरूमाझ ११ नोभेम्बर १८६५–मा भएको थियो, जसमा १८ डुवर्स, रंगपुरको सिमाना, कुचबिहार र आसामका केही भागहरू, फालाकट्टा आदि साथै टिस्टाका देब्रे पहाड़ी क्षेत्र (वर्त्तमान कालेबुङ)–हरू ब्रिटिश सरकारलाई सदैवको निम्ति दिएको पाउँछौं।

Treaty of Titalya

यो सन्धि १० फरवरी १८१७ सालमा इष्ट इण्डिया कम्पनी र सिक्किमका राजा (Sikkim Puttee) माझमा भएको थियो, जसमा मेचीका सम्पूर्ण पूर्वी पहाड़ी क्षेत्र र टिस्टाका पश्चिमी क्षेत्रहरू, जुन नेपालका राजाले सिक्किमबाट खोसेका थिए, ती सम्पूर्ण क्षेत्रहरू पछिबाट ब्रिटिश सरकारले यो सन्धिको आधारमा पुन: आफ्नो कब्जामा लिएको पाइन्छ।

दार्जीलिङ र डुवर्सका सम्पूर्ण भूभागहरू सिक्किम र भूटानबाट ब्रिटिश सरकारले १८३५ र १८६५ सालमा लिएको प्रमाण पाउँछौं। पछि यी सम्पूर्ण क्षेत्रहरूलाई बंगालमा गाभ्न खोज्दा एउटा 'सब सरभेन्ट कलोनी'-को गठन गरियो, जसको यस क्षेत्रमा भएका सम्पूर्ण गोर्खा जातिहरूले बंगालका अन्य जातिहरूसँग केही मेल नभएकोले विरोध जनाएको र त्यही समयदेखि वा (British period)–देखि नै गोर्खाहरू बंगालदेखि अलग्गिनु चाहेको पाइन्छ।

हिलम्यान एसोसिएशन– १९०७

सम्पूर्ण पहाड़ी क्षेत्रहरू दार्जीलिङ, डुवर्स र कालेबुङका गोर्खाभाषी समुदायले तीनवटा विभिन्न विभागका सम्बन्धित विभागीय अधिकारीहरूलाई निवेदन–पत्र चड़ाए, जसमा यी सम्पूर्ण क्षेत्रहरू बंगालदेखि अलग्गै छुट्याइदिने अनुरोध गरेको पाइन्छ। जसको तल उल्लेख गरिन्छ–

१, पहिलो निवेदन–पत्र: हिलम्यान एसोसिएशनद्वारा पहिलो निवेदन–पत्र बंगालका मुख्य सचिवलाई ८ नोभेम्बर १९१७ सालमा बुझाइयो। जसमा सम्पूर्ण गोर्खाहरूका प्रतिनिधिहरूले हस्ताक्षर गरे। हस्ताक्षर गर्नेहरूमा एसडब्लु लेडेनला, खड्गबहादर छेत्री, डा. येनसिंग सितलिङ, प्रेमसिंह कुमाई, मेकवीर सिंग, लक्षमण सिंग, नरप्रसाद कुमाई, देवनिधि उपाध्यय र अन्य थिए। उक्त निवेदन–पत्रमा गोर्खाहरू भौगोलिक, ऐतिहासिक, जातीय, धार्मिक र भाषिक दृष्टिकोणको आधारमा बंगालका अन्य जातिहरूभन्दा छुट्टै रहेको हुनाले बंगालदेखि गोर्खाहरूलाई अलग गराइदिने माग गरेका थिए।

२. दोस्रो निवेदन–पत्र: दोस्रो निवेदन–पत्र सर सामुएल होरे (पीसी, जीबीइ, सीएमजी) भारतका राज्य सचिव, लण्डनलाई २५ अक्टोबर १९३० सालमा बुझाइयो। उक्त ज्ञापन–पत्रमा विभिन्न संगठनका प्रतिनिधिहरू, हिलम्यान एसोसिएशनका एचपी प्रधान (राई साहेब, कालेबुङका अध्यक्ष) र पीपी प्रधान (सचिव, दार्जीलिङ), गोवर्धन गुरुङ (अध्यक्ष, गोर्खा अफिसर एसोसिएशन), पीएम सुन्दर (सचिव, खरसाङ गोर्खा पुस्तकालय) आदिका हस्ताक्षर पाइन्छ। उक्त निवेदन–पत्रको उल्लेख्य विषय के थियो भने गोर्खाहरू भारतमा अल्पसंख्यामा भएता पनि उनीहरू कुनै तुच्छ वा खेलाइचीको विषय होइन। किनभने गोर्खाहरूले सैन्य बल र अन्य विभागहरूमा ठूलो योगदान दिएको पाइन्छ र नयाँ भारतीय संविधान निर्माण हुँदा यी उत्तर–पूर्वाञ्चलका क्षेत्र दार्जीलिङ, डुवर्स र आसामका केही भागहरू गोर्खाहरूको नियन्त्रणमा भएको क्षेत्र हो र गोर्खाहरूले ब्रिटिश इण्डियालाई विदेशीहरू (नेपाल, बर्मा)–बाट सुरक्षा दिएर राखेको पाइन्छ।

३. तेस्रो निवेदन–पत्र: तेस्रो निवेदन–पत्र सर सामुएल होरे (पीसी, जीबीइ, सीएमजी) भारतका राज्य सचिव, लण्डन अनि सर जोन एण्डरसन (पीसीजीबीइ, जीसीआइइ)–लाई बुझाइयो। जसलाई हिलम्यान एसोसिएशनका प्रतिनिधिहरू सोनाम वाङ्गेल लाडेनला (अध्यक्ष, दार्जीलिङ), गोवर्धन गुरुङ (उपाध्यक्ष दार्जीलिङ), मदन थापा (सचिव, दार्जीलिङ)–ले हस्ताक्षर गरी ६ अगस्त १९३४–मा बुझाएको थियो। उक्त निवेदन–पत्रमा दार्जीलिङ–डुवर्सका क्षेत्रहरूमा बहुसंख्यकरूपमा गोर्खा, भूटिया र लेप्चा समुदायहरू बंगालका अन्य जातिसरह पुर्खौंदेखि बसिआएको प्रमाण पाइन्छ। साथै यी सम्पूर्ण क्षेत्रहरू बंगालदेखि अलग्गिनुपर्छ भन्ने कुराहरू पाइन्छ। यसमा यी क्षेत्रहरूका लगि अलग स्वायत्त शासनको गठन हुनुपर्छ, जसमा एउटा प्रशासकको नियुक्ति हुनुपर्छ, जो पूर्णरूपले केन्द्र सरकारको निर्देशनमा चल्नेछ।

गोर्खाहरूको योगदान

प्रथम: कालङ्गा नालापानी युद्ध २४ अक्टोबर १८१४–देखि आजाद हिन्द फौज (INA)-मा भारतको स्वतन्त्रताको अन्तिम लड़ाईंसम्म गोर्खाहरूले दिएको योगदान यस प्रकार छन्– पहिलो बलभद्र कुवँर (थापा) कालङ्गा नालापानी यद्धका नायक थिए। यो युद्ध २४ अक्टोबर १८१४ सालमा गढ़वाली र कुमाउँ समर्थित गोर्खा फौज र ब्रिटिश फौजमाझमा लड़िएको थियो। कालङ्गा किला उत्तरपूर्वी देहरादूनको सबैभन्दा अग्लो किला मानिन्छ। भारतलाई ब्रिटिश फौजबाट जोगाउन गड़वाली सेना र छ सयभन्दा अधिक लड़ाकू गोर्खाहरूले बलभद्र कुवँरको नेतृत्वमा युद्ध गरे। ब्रिटिश फौजको विरूद्ध गोर्खा फौजका संचालन गर्ने बलभद्र कुवँरलाई उत्तराञ्चलको इतिहासमा 'लड़ाकू योद्धा' भनी चिनिन्छ।

दोस्रो: शहीद मेजर दुर्गा मल्ल (२/१ गोर्खा राइफल, आजाद हिन्द फौज (INA)- मेजर दुर्गा मल्ल सन् १९३१–मा भारतीय सेनामा भर्ना भएका थिए। सेनामा भर्ना हुनअघि मल्लले सल्ट सत्याग्रह आन्दोलनमा भाग लिएका थिए, जसलाई खड़गबहादुर विष्ट र देहरादूनका अन्य व्यक्तिहरूले नेतृत्व गरेका थिए। नेताजीको देशभक्तिपूर्ण भावनामा आधारित 'तिमी मलाई खून देऊ, म तिमीलाई आजादी दिन्छु'–भन्ने आह्वानलाई आत्मसात गरी मेजर दुर्गा मल्ल आजाद हिन्द फौजमा सामेल भए। उनलाई एनआइएको कप्तानको रूपमा नियुक्त गरियो। पछि ब्रिटिशहरूले उनलाई जेलमा बन्द गरी फाँसीको सजाय सुनाए। जब उनकी पत्नी शारदा मल्ल यो खबर सुनी बेहोश भइन्, तब मेजर मल्लले भने–'म मेरो जीवन भारत मातालाई अर्पण गरिरहेछु, तिमीले मेरो मृत्युको शोक नगर्नू। मेरो मृत्युपश्चात करोड़ौं भारतीयहरूले तिम्रो हेरचार गर्नेछन्।' Under I.P.C Section 121, Army Act section 41-अनुसार मृत्युदण्ड पाउने उनी अन्तिम सेनानी थिए।

तेस्रो: खड़गबहादुर विष्ट– नेहरूग्राम, देहरादूनका खड्गबहादुर विष्टले दण्डीयात्रामा भाग लिएका थिए। उनलाई १२ मार्च १९३०–को सल्ट एक्टको आधारमा बन्दी बनाइयो। यसबाहेक अन्य ४२ जना गोर्खाहरूले पनि Salt Tax abolition आन्दोलनमा भाग लिएका थिए, जसलाई भारतीय साहित्य कंग्रेस (INC)–का महात्मा गान्धी, अब्बास तयाबजी अनि सरोजनी नायडूले नेतृत्व गरेका थिए। गोर्खाहरूका देशप्रति उच्च समर्पणदेखि मोतिलाल नेहरूले खड्गबहादुर विष्टलाई कांग्रेसमा गोर्खा स्वयंसेवकहरू नियुक्त गरिदिने अनुरोध गरेका थिए। यसद्वारा पनि गोर्खाहरूको देशभक्तिको प्रमाण पाइन्छ।

चौथो: डिगवीरसिंह रामुदामु– डिगवीरसिंह रामुदामु मामरिङ चियाबगान, खरसाङका वासिन्दा थिए। दोस्रो विश्व युद्धको समयमा उनी ब्रिटिश सेनामा भर्ना भएता पनि पछि गएर स्वेच्छाले आजाद हिन्द फौजको नेहरू बिग्रेडमा सेकेण्ड लेफ्टिनेन्ट हुनपुगे। त्यस समय INA–मा अन्य गोर्खा क्याप्टनहरू पनि थिए, जसमा बाल सेना संस्थापक मेजर परशुराम थापा र मेजर पुरणसिंह खवास, गोरिल्ला रेजिमेन्टमा क्याप्टन मनबहादुर थापा र मेजर दिलमान सिंह साथै अन्य पनि थिए। डिगवीर सिंहलाई नेहरू बिग्रेडको नम्बर ८ सेक्सनको कमान दिइयो र मिक्टीलाको रक्षा गर्दै १८ मार्च १९४४–मा उनी कोहिमा पुगे। कोहिमादेखि फेरि अघाड़ि बड़्दा उनको दाहिने खुट्टामा चोट लाग्यो र उनी हिंड्न सकेनन्। अन्त्यमा उनी काम्बे अस्पतालमा भर्ना भए तर पनि भारतलाई स्वाधीन बनाउने असीम जोश उनमा थियो। पछि उनलाई ब्रिटिश शासकहरूले युद्धबन्दी बनाए र उनी रंगून केन्द्रिय कारागारका प्रथम बन्दी बने। सन् १९४१–मा घर छोड़िगएका डिगवीरसिंह रामुदामु मार्च १९४६–मा रित्तो हात गोलीको चोट लिएर खरसाङ फर्के। १५ अगस्त १९४७–मा भारत स्वतन्त्र हुँदा उनी खरसाङ बजारको टोल, सड़कहरूमा 'भारत माताकी जय', 'नेताजी अमर रहुन्', 'इन्कलाब जिन्दावाद' आदि नराहरू लगाउँदै हिंड़ेका थिए।

भारतीय गोर्खाहरूका यस्ता थुप्रै थुप्रै महत्त्वपूर्ण योगदानहरू पाउँछौं, जसमा क्याप्टन रामसिंह ठकुरी आजाद हिन्द फौजका प्रख्यात संगीतकार थिए र जसले आजाद सैनिक धुन बनाएका थिए।

निष्कर्ष: माथि उल्लेख गरिएका दस्तावेजहरू हेर्दा दार्जीलिङ, १८ डुवर्स, कालेबुङ, फालाकटा आदि भूभागहरू ब्रिटिश भारत सरकारले सन् १८३५ र १८६५ सालमा सिक्किम र भूटानबाट लिएको अथवा जफ्त गरिएको पाउँछौं र पछिबाट स्वतन्त्र भारत सरकारले भारत–सिक्किम र भारत–भूटान सन्धिद्वारा भारतमा गाभेको पाउँछौं। यस भूभागको निम्ति भारत सरकारले सिक्किम सरकार र भूटान सरकारलाई क्षतिपूर्ति तिर्दैआएको र पछि सिक्किम भारतको अंग भएपछि केवल भूटानलाई मात्र क्षतिपूर्ति अहिलेसम्म तिर्दैआएको पाउँछौं।

यी दस्तावेजहरू अध्ययन गर्दा के थाहा पाइन्छ भने यी सम्पूर्ण भूभागहरूमा बस्ने गोर्खा समुदाय यहींको वासिन्दा भएको प्रमाण पाउँछौं। साथै यी गोर्खाहरू नैतिक, सांस्कृतिक, भाषिक, सामाजिक, भौगोलिक, जातीय, धार्मिक र ऐतिहासिक तथ्यको आधारमा बंगालका अन्य जातिभन्दा भिन्दै रहेको प्रमाण पाउँछौं।

अन्त्यमा, गोर्खाहरूको छुट्टै राज्य गोर्खाल्याण्डको माग भारतको संविधानअनुसार गोर्खाहरूले जन्मसिद्ध अधिकार हो। यदि भारतको संविधानले जातिगत आधारमा बंगाली समुदायलाई बंगाल राज्य र पंजाबी समुदायलाई पंजाब राज्य आदि दिनसक्छ भने गोर्खाहरूलाई जातिगत आधारमा गोर्खाल्याण्ड दिन किन सक्दैन? यदि भारतको संविधानले भाषाको आधारमा आन्ध्रप्रदेश र अन्य केही राज्यलाई अलग राज्य दिनसक्छ भने गोर्खाहरूलाई भारतको संविधानले भाषाको आधारमा गोर्खाल्याण्ड दिन किन सक्दैन? भाषाको सन्दर्भमा भन्नुपर्दा सम्पूर्ण बंगाल राज्यको सरकारी र गैरसरकारी कार्यालयहरूमा (पहाड़ी क्षेत्रबाहेक) बंगाली भाषालाई प्रमुखता दिइन्छ, जसलाई ९९ प्रतिशत गोर्खाहरूले बोल्न अनि बुझ्न सक्दैनन्। किनभने ऐतिहासिक दस्तावेजअनुसार यी सम्पूर्ण भूभागहरू बंगालको कहिल्यै पनि थिएनन्। यी सम्पूर्ण ऐतिहासिक दस्तावेजहरूले गोर्खाहरूका अलग राज्य गोर्खाल्याण्डको माग संवैधानिक अधिकार हो भने जनाउँछ। यो मागको निम्ति भारतको संविधानमा थुप्रै थुप्रै प्रावधानहरू छन्, जसमा धारा ३ (क) Article 3 (A) सबैभन्दा उपर्युक्त पाइन्छ, जसद्वारा गोर्खाहरूलाई गोर्खाल्याण्ड राज्य सजिलै दिन सकिन्छ।

स्रोत १. गोर्खा टाइम्स्, २. प्रान्त परिषद, ३. Bengal District Gazetteers - By O' Malley साथै अन्य।

–शान्तीरानी विद्यालय, सुनदह